# विराटनगर महानगरपालिका

बैठक संख्या: ६१
मिति: २०७६/१२/ १०

बैठक प्रारम्भ: विहान ८ : ०० बजे
बैठक स्थगन: १० : ०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री इन्द्रमणि पोखरेल | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३१ | आ.सहयोगी | राजेन्द्र प्रधान | |
| ३२ | आ.सहयोगी | केवल पोखरेल | |

निर्णय नं. १

नगर प्रमुख, नगर उपप्रमुख र नगर कार्यपालिका सदस्यहरु विच २०७६ साल चैत्र ६ गतेवाट यस महानगरपालिकामा आउनु भएको प्रमुख प्रशासकिय अधिकृत इन्द्रमणि पोखरेललाई स्वागत साथै परिचय गरियो ।

निर्णय नं. २

यस कार्यालयमा सुपरभाईजर पदमा कार्यरत जिवन कु. विश्वकर्माको आर्थिक अवस्था कमजोर भएकोले मुटुको शल्यक्रिया गर्नुपर्ने भएकोले निवेदकको माग अनुसार रु.५००००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

विराटनगर महानगरपालिका क्षेत्रमा महामारीको रुपमा आउन लागेको कोरोना भाईरस कोभिड १९ नियन्त्रणका लागि आगामी नगरसभाबाट अनूमोदन हुनेगरी विपद व्यवस्थापन कोषका लागि आ.व.२०७६।०७७ मा विनियोजन गरिएको बजेट राजस्व बांडफाड श्रोत अन्तर्गत लक्षित समूह(ग्रामिण विपन्न महिला, भूमिहिन कृषक, रोजगार विहिन श्रमिक इत्यादि)माफ्र सहकारी प्रवर्धन(सामाजिक परिचालन, संस्था गठन बीउपुजी समेत) कार्यक्रमबाट रु.२५०००००।०० र राजस्व बांडफाड श्रोत अन्तर्गत महानगर ओलम्पीक कार्यक्रममा विनियोजित रु.२५०००००।०० गरी जम्मा रु.५००००००।०० विपद व्यवस्थापन कोषमा विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

विराटनगर महानगरपालिका नगर क्षेत्रमा विभिन्न वडाहरुमा लाग्ने स्थानीय हाटबजार व्यवस्थापन गर्नका लागि वडा कार्यालयले उपयूक्त स्थानको पहिचान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

महानगरमा आईपर्ने कोभिड १९ नियन्यत्र प्रयोजनका लागि विपद व्यवस्थापन कोषबाट प्रत्येक वडा कार्यालयमार्फत रु.१०००००।०० का दरले खर्च गर्ने गरी वडा सचिवलाई पेश्की उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

विराटनगर महानगरपालिकामा कार्यरत कर्मचारी श्री प्रमोद दासलाई कर्मचारी कल्याणकोषबाट रिण सहयोग वापत रु.३०००००।०० उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय न ७

विराटनगर महानगरपालिकास्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा कार्यपालिका महिला सदस्य श्री चम्पा खत्रीलाई तोक्ने निर्णय गरियो ।

निर्णय न ८

विराटनगर महानगरपालिकाको तर्फबाट कोभिड १९ नियन्त्रणका लागि खटिने कर्मचारीहरुलाई कार्यालय समयको अतिरिक्त खटाउनुपर्ने भएकोले बेसिक तलबको ७५ प्रतिशत इन्सेन्टीभ उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न ९

विराटनगर महानगरपालिकाको शिक्षा तथा मानव श्रोत विकास केन्द्रको सूचना बमोजिम राष्ट्रपति शैक्षिक सूधार कार्यक्रमका लागि समय सीमाभित्र विद्यालयहरुबाट प्राप्त निवेदनहरुलाई प्राथमिकताका आधारमा सम्बन्धित निकायमा सिफारिस गर्ने अधिकार नगर प्रमुखलाई प्रदान गर्ने निर्णय गरियो ।